पाणिनी गाउँपालिका
Panini Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

W744+QGC
9857086520
दुर्गाफाँट, अर्घाखाँची
Durgaphant, Arghakhanchi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र सङ्ख्या/Letter: No : ०८२/०८३
चलानी नं./Ref No: —

मिति/ Date : २०८२/०७/१७

## नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्रीका लागि E-Bidding मार्फत बोलपत्र आव्हानको सूचना।

**प्रकाशन मितिः २०८२/०७/१७ गते**

स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ६४ १(च) मा भएको व्यवस्था, नेपाल सरकारको ढुङ्गा, गिट्टि, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, लुम्बिनी प्रदेश सरकार नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ तथा पाणिनी गाउँपालिकाको स्वीकृत सार्वजनिक खरीद नियमावली, २०७७ बमोजिम पाणिनी गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने (स्वीकृत खानी क्षेत्र बाहेक) तपशिलमा उल्लेखित खोला/नदी/खहरेहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी प्रदेश सरकार, लुम्बिनी प्रदेशले तोकेको दरमा बिक्री गर्ने गरी आ.व. ०८२/०८३ को ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०८१/०८२ को कर चुक्ता प्रमाणपत्र र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही सूचना प्रकाशन भएको मितिले तोकिएको म्यादभित्र E-bidding मार्फत् बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

| क्र.सं | सूचना नं. | विवरण | उत्खनन् परिमाण (वार्षिक) घन. मि. | न्यूनतम बोलपत्र रकम रु. (सेवा शुल्क र मू.अ.कर बाहेक) | बोलपत्र जमानत (धरौटी रकम) | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | PRM/A/02/082-83 | पाणिनी-८ स्थित बाँगी खोला र सौर्य खोलाका विभिन्न बगर क्षेत्र | १००१८.८ | २१,२२,८६५/- | कबोल अंकको ५ % ले हुने रकम | ३,०००/- |

**ठेक्का सम्बन्धी शर्तहरुः**

१- सार्वजनिक खरिद अनुगमन कार्यालयको एकल विद्युतिय खरिद प्रणाली www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा पेश गर्न व्यवस्था गरिएको छ।

२- बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको ग्लोबल आइ.एम.ई. बैंक पोखराथोक शाखामा रहेको ग.१.१ आन्तरिक राजस्व खाता पाणिनी खाता नं. २१५०४०१००००१६ मा दाखिला गर्नुपर्नेछ।

३- बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। कबोल गरेको अंकको ५% का दरले हुन आउने धरौटी रकम यस कार्यालयको ग्लोबल आइ.एम.ई. बैंक पोखराथोक शाखामा रहेको ग,३,१ पाणिनी गाउँपालिका धरौटी खाता नं, २१५०४०१००००९ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड बोलपत्रसाथ संलग्न गरी पेश गर्नुपर्नेछ।

सुवर्ण खनाल
प्रमुख प्रशासकीय अधिकृत

पाणिनी गाउँपालिका
Panini Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
W744+QGC
9857086520
दुर्गाफाँट, अर्घाखाँची
Durgaphant, Arghakhanchi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र सङ्ख्या/Letter: No : ०८२/०८३
चलानी नं./Ref No: —
मिति/ Date : २०८२/०७/१७

४- उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले प्रचलित नियमानुसार बोलपत्र खरिद गरी मिति २०८२/०८/१८ गते दिनको दिउसो १२:०० बजेभित्र विद्युतीय माध्यमबाट पेश गर्नुपर्नेछ । साथै उक्त सूचना पाणिनी गाँउपालिकाको वेभ साइट www.paninimun.gov.np मा राखिएको छ र ठेक्काको बोलपत्र फाराम PPMO को वेभ साइट http://www.bolpatra.gov.np/egp बाट E-Bidding मार्फत पेश गर्न सकिनेछ। प्राप्त बोलपत्रहरु सोहि दिनको दिउसो १:०० बजे पाणिनी गाँउ कार्यपालिकाको कार्यालयमा कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन।

५- बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुँदा सोहि पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६- बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिन भित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ५०% ले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ। दोस्रो किस्ता वापतको ५०% ले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त क वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा कार्यालयले तोकेको समयसम्मको म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको अंक, सेवा शुल्क वापत् हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम र १.५% प्रतिशत T.D.S. रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनुपर्नेछ।

७- बोलपत्रदाताले कबुल रकम EGP मा भरेर तथा कार्यालयबाट प्रमाणित फारम भरी सहिछाप गरी Scan गरी Upload गर्नुपर्नेछ। साथै EGP र Scan फाइल फरक पर्न गएमा Upload गरिएको Scan फाइललाई मान्यता दिईनेछ।

८- बोलपत्र फारामहरु दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा क्रमशः सोको भोलिपल्ट दाखिला गर्ने, खोल्ने कार्य गरिनेछ।

९- कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित भएको बोलपत्रलाई मात्र मान्यता दिइनेछ।

१०- बोलपत्र स्वीकृत भएपछी कुनै पनि मिनाहा छुट दिइने छैन। तोकिएको मितिमा सम्झौता गर्न नआएमा जमानत रकम जफत गरी नियमानुसार कारवाही गरिनेछ।

११- तोकीएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सन्चालन ऐन, २०७४, कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ।

१२- ठेक्का अवधि सामान्यतया आ.व. ०८२/०८३ को जेठ मसान्तसम्म कायम रहनेछ। तर ठेक्कामा उक्त अवधि भन्दा अगावै तोकिएको परिमाणमा उत्खनन् गरेको खण्डमा उक्त अवधि कम पनि हुन सक्नेछ। साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हड्ताल आदीका कारण काम सूचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दावी गर्न पाइने छैन।

१३- उत्खनन् स्थलबाट अनिवार्य रुपमा स्वीकृत परिमाणको नदीजन्य पदार्थ घाटगद्धि गरी प्रमाणित गराई बिक्री गर्नु पर्नेछ। उत्खनन् स्थलमा उत्खननको क्रममा डोजर, स्काभेटर, लोडर जस्ता हेभी इक्यूमेन्ट गाउँपालिकाको अनुमति वेगर प्रयोग गर्न पाइने छैन।

१४- ठेक्कामा कुनै विवाद भएमा पाणिनी गाँउ कार्यपालिकाको निर्णय नै अन्तिम निर्णय हुनेछ।

१५- अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ।

सुवर्ण खनाल
प्रमुख प्रशासकीय अधिकृत